सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेविहार

Kankrebihar National Daily


कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १३३ ❐ मंगलवार, १२ फागुन, २०८२ ❐ Tuesday, 24 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

४३ जिल्लामा पुग्यो निर्वाचन मतपत्र सामग्री



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ फागुन

। निर्वाचनको पूर्वतयारी स्वरूप नेपाली सेनाले देशभर मतदान सामग्री ढुवानी कार्यलाई तीव्र बनाएको छ। सेनाका अनुसार हालसम्म ४३ जिल्लामा आवश्यक निर्वाचन सामग्री सुरक्षित रूपमा पुऱ्याइसकिएको छ।

अहिले थप १२ जिल्लामा सामग्री ढुवानी प्रक्रिया जारी रहेको छ भने बाँकी २२ जिल्लामा चरणबद्ध रूपमा सामग्री पठाउने तयारी भइरहेको सैनिक स्रोतले जनाएको छ। भौगोलिक रूपमा दुर्गम र सडक पहुँच सीमित रहेका हिमाली जिल्लाहरूमा हवाई माध्यमको प्रयोग गरिएको छ।

यसअन्तर्गत हुम्ला, मुगु र डोल्पा जिल्लामा हवाई साधनमार्फत निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको सेनाले जनाएको छ। डोल्पामा आइतबार नेपाली सेनाको 'स्काई ट्रक' विमान प्रयोग गरी मतपत्र, मतपेटिका, मतदानमा प्रयोग हुने मसी, मार्कर, छाप, स्टिकर तथा रंगीन मतदाता नामावलीलगायत सामग्री पुऱ्याइएको हो।

सेनाका अनुसार आगामी चरणमा मनाङ र मुस्ताङ जिल्लामा पनि हवाई माध्यमबाट सामग्री पठाउने तयारी भइरहेको छ। निर्वाचन व्यवस्थापनलाई समयमै प्रभावकारी बनाउन सुरक्षा निकाय तथा सम्बन्धित निकायहरूसँग समन्वय गर्दै ढुवानी कार्य अघि बढाइएको नेपाली सेनाले जनाएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

भोट हाल्न मतदाता गाउँ नफर्किने चिन्ता

अबको केही दिनमै मतदाता गाउँ फर्किने कि नफर्किने भन्ने विषयले कर्णालीको मत परिणाममा महत्वपूर्ण प्रभाव पार्ने देखिएको छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ११ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कर्णाली प्रदेशमा मतदाता गाउँ नफर्किने चिन्ता बढेको छ।

रोजगारी, अध्ययन तथा अन्य कारणले जिल्ला बाहिर तथा भारत लगायतका मुलुकमा रहेका मतदाता मतदानका लागि घर नआउने हो कि भन्ने आशंका उम्मेदवार र सरोकारवालाले व्यक्त गरेका छन्। प्रदेशमा कुल ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र तोकिएका छन्। प्रदेशभर १० लाख ३७ हजार २५० मतदाता रहेका छन्।

१० जिल्लाका ३५१ मतदानस्थलअन्तर्गत ४४१ मतदान केन्द्रलाई अति संवेदनशील सूचीमा राखिएको छ। सुरक्षा निकायले जोखिम मूल्यांकन गरेपछि ती केन्द्रलाई अतिसंवेदनशील घोषणा गर्दै विशेष सुरक्षा व्यवस्था मिलाइएको जनाएको छ। निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रमलाई तीव्रता दिएको छ, भने नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले संयुक्त सुरक्षा योजना लागू गरेका छन्। दुर्गम तथा हिमाली जिल्लामा मतदान सामग्री ढुवानी, कर्मचारी परिचालन र संचार समन्वयको काम पनि तीव्र पारिएको छ।

कर्णालीका १२ निर्वाचन क्षेत्रबाट १३२ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। दल तथा स्वतन्त्र उम्मेदवारहरू घरदैलो, कोणसभा, टोलभेला र सामाजिक सञ्जालमार्फत मतदाता रिझाउने अभियानमा सक्रिय छन्। तर उम्मेदवारहरूका अनुसार कर्णालीका अधिकांश घरपरिवारमा कम्तीमा एक सदस्य रोजगारीका लागि बाहिर रहेको अवस्था छ। विशेष गरी जुम्ला, मुगु, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, दैलेख, रुकुमपश्चिम, सल्यान र सुर्खेतबाट ठूलो संख्यामा युवा भारत तथा अन्य सहरतर्फ गएका छन्।

स्थानीय तहका जनप्रतिनिधिहरूका अनुसार वैदेशिक तथा मौसमी रोजगारी कर्णालीमा सामान्य अभ्यासजस्तै बनिसकेको छ। बाली लगाउने तथा कटानी समयसँगै निर्वाचन परेकाले पनि धेरै मतदाता फर्कन नसक्ने अनुमान गरिएको छ। यदि बाहिर रहेका मतदाता नफर्किए कम प्रतिशतमा मत खस्ने आकलन गरिएको छ, जसले निर्वाचनको सहभागिता दर घट्न सक्ने राजनैतिक विश्लेषक रामकृष्ण बुढ्थापाको भनाइ छ।

'राजनीतिक दलहरूले बाहिर रहेका मतदातालाई समयमै गाउँ फर्कन आह्वान गरिरहेका छन्। भने केही दलहरूले यातायात व्यवस्थापन र समन्वयको पहल समेत थालेको भन्ने सुनिन्छ' उनले भने, 'यस पटक जे भएपनि दीर्घकालीन रूपमा वैदेशिक रोजगारीमा रहेका नागरिकका लागि वैकल्पिक मतदान व्यवस्था (जस्तै प्रवासी मतदान) सम्बन्धी नीतिगत बहस आवश्यक छ।'

निर्वाचन शान्तिपूर्ण र सहभागितामूलक बनाउन सुरक्षा सुदृढीकरणसँगै मतदाता उपस्थिति बढाउने रणनीति अपरिहार्य भएको सरोकारवाला निकायको भनाइ छ। अबको केही दिनमै मतदाता गाउँ फर्किने कि नफर्किने भन्ने विषयले कर्णालीको मत परिणाममा महत्वपूर्ण प्रभाव पार्ने देखिएको छ। निर्वाचन आउन केहि दिन मात्रै बाँकी रहेपनि अधिकांश मतदाताले जिल्ला फर्किने छनक देखाएका छैनन्।



ताक्लाकोट पुगेकालाई चासो छैन

भारतका विभिन्न सहर तथा चीनको ताक्लाकोट पुगेका हुम्लाका मतदाताले पनि फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गाउँ फर्किने चासो देखाएका छैनन्। भने लिमी नाका बनद भएका कारण मतदाता गाउँ पुग्ने सकस छ।

रोजगारी तथा कामको शिलशिलामा त्यहाँ पुगेका मतदाता समयमै जिल्ला नफर्किने चिन्ता व्यक्त हुन थालेको हो। निर्वाचन आउन करिक एक हप्ता मात्र बाँकी रहँदासम्म पनि हालसम्म दुबै देशमा रोजगारीका लागि गएका स्थानीय मतदाता नफर्किएपछि स्थानीयवासी र उम्मेदवारहरू चिन्तित बनेका छन्।

गत कात्तिक-मङ्सिर महिनामा भारतका विभिन्न सहरमा काम गर्न गएका हुम्लाका धेरै मतदाता हालसम्म नफर्किएको अदानचुली गाउँपालिका-४ का हिक्मत सिंहले बताए। उनकका अनुसार आफ्नो गाउँपालिकाका ६ वटै वडाबाट गरी एक हजार ६ सयभन्दा बढी बेरोजगार युवायुवती भारतका विभिन्न सहरमा काम गर्न गएका छन्।

हालसम्म उनीहरू नफर्किएकाले निर्वाचनमा मतदान गर्न नपाउने अवस्था सिर्जना भएको उनी बताउँछन्।

'भारतको नैनीताल र अल्मोडामा रहेका आफन्तसँग सम्पर्क गर्दा हिउँदभरि काम गरेको पारिश्रमिक साहुसँग नमिलेका कारण तत्काल फर्कन नसकिने जवाफ आएको छ' उनले भने, 'यसले झनै चिन्ता थपिएको छ। अदानचुली गाउँपालिकामा चार हजार ८८९ मतदाता रहेका छन्। यी मध्ये अधिकांश जिल्ला बाहिर छन्।'

यस्तै हुम्लाको ताँजाकोट गाउँपालिका-३ का जगतबहादुर शाहीले आफ्नो गाउँपालिकाबाट करिब दुई सय मतदाता भारतको गोरखपुर, लखनउ लगायतका सहरमा काम गर्न गएको जानकारी दिए। तर उनीहरु हालसम्म नफर्किएको उनको भनाइ छ। रोजगारीकै कारण यसपटकको मतदानबाट उनीहरू वञ्चित हुने सम्भावना रहेको उनको अनुमान छ।

हुम्लाकै चङ्खेली गाउँपालिकाबाट पनि करिब दुई सय युवा भारतमा काम गर्न गएको र ☞ बाँकी पृष्ठ ४

मतदातालाई गाउँ फर्कन आह्वान

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा विभिन्न राजनीतिक दलका उम्मेदवार हरूले रोजगारी, अध्ययन तथा व्यवसायका सिलसिलामा जिल्ला बाहिर रहेका मतदातालाई समयमै गाउँ फर्कन आग्रह गरेका छन्। मतदानको दिन नजिकिँदै गर्दा मतदाता उपस्थिति बढाउन उनीहरूले सार्वजनिक अपिल जारी गरेका हुन्।

उम्मेदवारहरूले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन प्रत्येक मतको महत्त्व रहेको उल्लेख गर्दै आफ्नो मताधिकार प्रयोग गर्न सबै मतदातालाई जिम्मेवार बन्न आग्रह गरेका छन्। एक मतले पनि परिणाम बदल्न सक्ने भन्दै त्यसैले मतदानका लागि समय मिलाएर घर फर्कन सुर्खेत २ का उम्मेदवार रमेश कुमार सापकोटाले आग्रह गरे।

अन्य उम्मेदवारहरूले पनि विभिन्न माध्ययमबाट मतदातालाई समयमै गाउँ फर्किन सन्देश पठाएका छन्। विशेष गरी कर्णालीका हिमाली तथा दुर्गम जिल्लाबाट ठूलो संख्यामा युवा रोजगारीका लागि सुर्खेत, नेपालगञ्ज र काठमाडौंलगायतका सहरमा बसोबास गर्दै आएका छन्। उनीहरूलाई लक्षित गर्दै उम्मेदवारहरूले सामाजिक सञ्जाल, घरदैलो अभियान र अन्तरक्रिया कार्यक्रममार्फत गाउँ फर्कन अनुरोध गरिरहेका हुन्।

यसैबीच निर्वाचन आयोगले पनि मतदानको दिन नजिकिँदै जाँदा मतदाता नामावलीमा नाम भएका सबै नागरिकलाई तोकिएको मतदान केन्द्रमै पुगेर शान्तिपूर्ण रूपमा मतदान गर्न आग्रह गरेको छ। आयोगका अनुसार आवश्यक तयारी अन्तिम चरणमा पुगेको र मतदानलाई व्यवस्थित बनाउन सुरक्षा तथा व्यवस्थापन पक्ष मजबुत बनाइएको छ।

प्रहरी हेडक्वार्टरमा निर्वाचन विश्लेषण महाशाखा

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ फागुन

प्रिहरी प्रधान कार्यालयले फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनबारे रणनीति तय गर्न विश्लेषण महाशाखा बनाएको छ। चुनाव बिथोल्ने भूमिका खेल्ने समूहको निगरानी र उनीहरूको गतिविधि निस्तेज पार्ने रणनीति बनाउन विश्लेषण महाशाखा गठन गरिएको प्रहरी प्रधान कार्यालयका एकजना उच्च अधिकृतले बताए।

कार्य विभागको मातहत गठन गरिएको विश्लेषण महाशाखाको कमाण्ड प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दयानिधि ज्ञवालीले गरेका छन्। महाशाखाले निर्वाचन बिथोल्न सक्रिय समूहको गतिविधिमाथि निगरानी र विश्लेषण गर्ने छ। प्रहरी प्रधान कार्यालयका एकजना अधिकृत भन्छन्, 'निर्वाचन बिथोल्ने समूहमाथि निगरानी र विश्लेषण गरेर निर्वाचन सुरक्षा रणनीति तयार गर्ने जिम्मेवारी विश्लेषण महाशाखालाई दिइएको छ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं सहित ६ वटा समूह अहिले निर्वाचन बिथोल्न सक्रिय रहेको प्रहरीको विश्लेषण



छ। प्रसाईं अहिले जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन्।

धमेन्द्र बास्तोला नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (बहुमत), आहुति नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी, मंगोल नेशनल अर्गनाइजेशन र पहिचानको आन्दोलनमा सक्रिय समूहले निर्वाचन विरोधी गतिविधि गरिरहेको प्रहरीको विश्लेषण छ। बहुमतका महासचिव धर्मेन्द्र बास्तोला, सो संगठनको काभ्रे जिल्ला सेक्रेटरी विष्णु प्रसाद तिम्सिना र वैज्ञानिक समाजवादी पार्टीका केन्द्रीय सदस्य नरेन्द्र बहादुर विकलाई चुनाव बिथोल्ने गतिविधि गरेको आरोपमा प्रहरीले पक्राउ गरेर थुनामा राखेको छ। निर्वाचन बिथोल्ने गतिविधि गरेको आरोपमा विभिन्न समूहका ८ जनालाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले बताए। प्रहरीले चुनाव विरोधीहरूले प्रयोग गर्ने आशङ्कामा रोहिङ्ग्या शरणार्थीको गतिविधि पनि निगरानी गरिरहेको छ। म्यानमारबाट बंगलादेश हुँदै नेपाल आएका मुस्लिम समुदायका रोहिङ्ग्या लामो समयदेखि कपन स्थित लसुनटारमा क्याम्प बनाएर बसिरहेका छन्।

बुढानीलकण्ठ, कालिमाटी र बालाजुमा पनि रोहिङ्ग्या अस्थायी टहरा बनाएर बसिरहेका छन्। कतिपय रोहिंग्या कालिमाटी लगायतका ठाउँमा डेरा लिएर पनि बसेका छन्। नेपालमा ४ सय १९ जना रोहिङ्ग्या शरणार्थी छन्। प्रहरी हेडक्वार्टरले प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उमा प्रसाद चतुर्वेदीको नेतृत्वमा केन्द्रीय निर्वाचन सेल गठन गरेर केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत एकीकृत सुरक्षा योजना लागु गरेको छ।

प्रहरीको केन्द्रीय निर्वाचन सेलको प्रमुख तोकिएका चतुर्वेदी प्रहरी प्रधान कार्यालय स्थित कार्य विभागको प्रमुख हुन्। निर्वाचन सेलमा १५१ जना सदस्य छन्। निर्वाचनमा चारवटा सुरक्षा निकायका ३ लाख १५ हजारभन्दा धेरै सुरक्षाकर्मी परिचालन गर्ने गरी एकीकृत सुरक्षा योजना लागु गरिएको छ।

शिक्षक, कर्मचारी चुनाव प्रचारमा लाग्न नपाउने

❐ काँक्रेविहार संवाददाता
काठमडौं, ११ फागुन

निर्वाचन आयोगले शिक्षक, प्राध्यापक र कर्मचारीहरूलाई निर्वाचन आचारसंहिता विपरीत कुनै पनि दल र उम्मेदवारको चुनाव प्रचारमा नलाग्न चेतावनी दिएको छ।

आयोगले सोमबार विज्ञप्ति जारी गर्दै केही प्राध्यापक तथा शिक्षक कर्मचारीहरू राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएकोबारे उजुरी परेको जनाएको छ।

आयोगले उक्त कार्य शिक्षा ऐन र निर्वाचन आचारसंहिता २०८२ को दफा १० को खण्ड (ग) विपरीत भएको प्रस्ट पार्दै सचेत गराएको सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

प्रवक्ता भट्टराईले सोमबार जारी गरेको विज्ञप्तिमा आचारसंहिता प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गतिविधिमा सामेल भएको पाइए आचारसंहिताको दफा ४८ बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ।

जनप्रतिनिधिलाई पनि चुनावी प्रचारमा रोक

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले कुनैपनि राजनीतिक दल वा उम्मेदवारको पक्षमा निर्वाचन प्रचारप्रसार गर्न नपाउने स्पष्ट पारेका छन्।

केही स्थानीय तहका जनप्रतिनिधिहरूले दल तथा उम्मेदवारको प्रचारप्रसारमा सहभागी भएको भन्ने गुनासो प्राप्त भएको उल्लेख गर्दै उनले उक्त कार्य आचारसंहिता विपरित भएको बताएका छन्।

उनले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रभित्र कुनैपनि दल वा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न हुन नपाउने व्यवस्था रहेको जानकारी दिएका हुन्।

उनका अनुसार निर्वाचन आचारसंहिताको दफा ५ को (क) को देहाय ४ अनुसार स्थानीय तहका जनप्रतिनिधिले आफ्नो स्थानीय तहभित्र कुनैपनि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारमा सहभागी हुन नहुने स्पष्ट उल्लेख छ।

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि निर्वाचन आयोगले स्वीकृत गरेको कार्यतालिका बमोजिम फागुन ४ गतेदेखि १८ गतेको राती १२ वजेसम्म राजनीतिक दल र उम्मेद्वारहरुले निर्वाचनको प्रचारप्रसार गर्न पाउने अवधि रहेको छ।

यो अवधीमा केही स्थानीय तहका जनप्रतिनिधिहरुले राजनीतिक दल र उम्मेद्वारहरुको प्रचारप्रसारमा आचारसंहिता विपरित सहभागिता जनाएको भन्ने गुनासाहरु निर्वाचन आयोगमा आएको हुनाले आयोगले यस विषयमा निर्णय गरेको छ।

सम्पादकीय

उम्मेदवारले छुट्टै बैंक खाता खोल्ने आदेश पालना गर

लोकतान्त्रिक अभ्यासको सबैभन्दा संवेदनशील चरण निर्वाचन हो । निर्वाचन स्वच्छ, पारदर्शी र विश्वसनीय हुन सकेन भने लोकतन्त्रको आधार नै कमजोर हुन्छ । त्यसैले निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै उम्मेदवारहरूले निर्वाचन खर्चका लागि अनिवार्य रूपमा छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था गरेको छ । तर विडम्बना कर्णालीका अधिकांश उम्मेदवारले यस आदेशलाई गम्भीरतापूर्वक पालना नगरेको पाइएको छ । जिल्ला निर्वाचन कार्यालयहरूका अनुसार यो प्रवृत्ति लोकतान्त्रिक मूल्यमाथि नै प्रश्न उठाउने खालको हो । आयोगले जारी गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' ले स्पष्ट व्यवस्था गरेको छ, जहाँ उम्मेदवारले २५ हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा वा खर्च गर्दा अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामा खोलिएको छुट्टै खाताबाट मात्र कारोबार गर्नुपर्छ । यसका लागि जिल्ला निर्वाचन कार्यालयबाट सिफारिस लिएर खाता खोल्नुपर्ने प्रावधान छ । तर जुम्ला जिल्लाका १० जना उम्मेदवारमध्ये सात जनाले हालसम्म बैंक खाता खोलेका छैनन् । जुम्लाका उम्मेदवारलाई एक उदाहरणका रूपमा लिए पनि प्रदेश राजधानी रहेको सुर्खेत सहित प्रदेशका १० वटै जिल्लाका अधिकांश उम्मेदवारले निर्वाचन प्रयोजनका लागि हालसम्म छुट्टै बैंक खाता खोलेका छैनन् ।

आयोगले भूगोलअनुसार २५ लाखदेखि ३३ लाख रूपैयाँसम्म मात्र निर्वाचन खर्च गर्न पाउने सीमा तोकिएको छ । यी व्यवस्थाको मूल उद्देश्य निर्वाचन खर्चलाई पारदर्शी बनाउनु र कालो धनको प्रभाव रोक्नु हो । निर्वाचनमा अनियन्त्रित खर्चले असमान प्रतिस्पर्धा सिर्जना गर्छ । जससँग बढी स्रोत छ, उसले मतदाता प्रभावित गर्न सक्ने सम्भावना बढ्छ । यस्तो अभ्यासले नीति, कार्यक्रम र दृष्टिकोणभन्दा पैसालाई प्राथमिकता दिने संस्कार बसाल्छ । त्यसैले खर्चलाई बैंकिङ प्रणालीमार्फत मात्रै गर्नुपर्ने व्यवस्था लोकतान्त्रिक प्रतिस्पर्धालाई समान र निष्पक्ष बनाउने आधार हो । तर जब उम्मेदवारहरू नै कानुनी प्रावधानलाई बेवास्ता गर्छन्, तब त्यसले उनीहरूको प्रतिबद्धतामाथि शंका जन्माउँछ । कानून बनाउने र कार्यान्वयन गर्ने निकायमा पुग्ने आकांक्षा राख्ने व्यक्तिहरूले नै निर्वाचनपूर्व चरणमा कानून उल्लंघन गर्ने हो भने उनीहरूबाट सुशासनको अपेक्षा कसरी गर्न सकिन्छ ? निर्वाचनपछि खर्च विवरण आयोगमा बुझाउनुपर्ने प्रावधान भए पनि बैंक खाता नै नखोली गरिएको खर्चलाई आयोगले मान्यता नदिने स्पष्ट गरिसकेको छ । यस्तो अवस्थामा कानुनी जटिलता र दण्डात्मक कारबाहीको जोखिम पनि उत्तिकै रहन्छ । यस विषयमा राजनीतिक दलहरू पनि जिम्मेवार रहनुपर्छ । आफ्ना उम्मेदवारलाई कानुनी प्रक्रिया पालना गर्न निर्देशन दिनु र अनुगमन गर्नु दलहरूको पनि कर्तव्य हो ।

निर्वाचनलाई केवल जित-हारको प्रतिस्पर्धा मात्र होइन, विधि र प्रक्रिया पालना गर्ने संस्कारको परीक्षा पनि ठान्नुपर्छ । आयोगले निर्देशन जारी गर्नु मात्र पर्याप्त हुँदैन, यसको कडाइका साथ कार्यान्वयन पनि उत्तिकै जरूरी छ । अनुगमन संयन्त्रलाई सक्रिय बनाउँदै उल्लंघन गर्ने उम्मेदवारमाथि आवश्यक कारबाही गरिनुपर्छ । नियम उल्लंघन गरेर पनि छुट पाइने वातावरण बनेमा भविष्यमा यस्ता प्रावधानको औचित्य नै हराउँछ । निर्वाचन खर्च पारदर्शी हुनु भनेको केवल लेखा-जोखा मिलाउनु मात्र होइन, लोकतन्त्रप्रतिको विश्वास जोगाउनु पनि हो । उम्मेदवारहरूले छुट्टै बैंक खाता खोल्ने आदेशलाई बोझ होइन, स्वच्छ राजनीति गर्ने अवसरका रूपमा लिनुपर्छ । विधि पालनाबाटै विश्वसनीयता निर्माण हुन्छ । यदि हामी स्वच्छ र जवाफदेही राजनीतिक संस्कारको चाहना राख्छौं भने सुरूवात यहींबाट हुनुपर्छ । त्यसैले सबै उम्मेदवारहरूले छुट्टै बैंक खाता खोल्ने आदेश पालना गर ।



✍ सविन धमला

वैकल्पिक राजनीतिको "ल्याब टेस्ट" र नायकवादको विकृति

नेपालको संसदीय इतिहासमा विक्रम संवत् २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचन केवल सरकार परिवर्तनको आवधिक अनुष्ठान मात्र होइन । यो निर्वाचन नेपालमा उदाएको वैकल्पिक राजनीति र त्यसको मुख्य संवाहक दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को औचित्य र अस्तित्वमाथि भइरहेको सबैभन्दा ठूलो जनमत सङ्ग्रह हो ।

स्थापनाको छोटो समयमै सत्ताको आरोह-अवरोह भेलेको र 'मिसन ८४' को दीर्घकालीन नारा दिएर उदाएको शक्तिले समयभन्दा दुई वर्षअगाडि नै चुनावी अग्निपरीक्षामा होमिनुपर्दा सिर्जना भएको मनस्थिति राजनीतिशास्त्रका विद्यार्थी तथा समाजशास्त्रका अध्येताहरूका लागि एउटा जीवन्त प्रयोगशाला बनेको छ । निर्वाचनको ठीक पूर्वसन्ध्यामा पार्टीका संस्थापक र जिम्मेवार नेताहरूले सामूहिक रूपमा परित्याग गर्दै लगाएका गम्भीर आरोपले रास्वपाभित्रको प्रयोग असफलतातर्फ उन्मुख भएको सङ्केत गर्दछ ।

फागुन ९ गते रास्वपा परित्याग गरेका नेता दिनेश हुमागाईंले प्रयोग गरेको एक शब्द ' चटकदार' ले यस परिवर्तनको मनोविज्ञानलाई उजागर गरेको छ । उनले मतदातालाई "चटकदारलाई मत हाल्ने होइन, राजनीतिक व्यक्तिलाई, देश बुझेको व्यक्तिलाई र समाज बुझेको व्यक्ति र पार्टीलाई तपाईंहरूले चुन्नुहोस्" भन्दा यो सामान्य आरोप थिएन । आफ्नै पार्टीको नेतृत्वलाई समाज नबुझेको र विचारविहीन भन्नुले रास्वपाभित्रको सङ्कटको गहिराइ देखिएको छ । यो चुनाव हुने नै छ, लोकतन्त्रमा चुनाव अपरिहार्य प्रक्रिया हो, तर यसको अर्थ केवल मतदान होइन; त्यसपछिको जिम्मेवारी र परिणाम हो । फागुन ९ गते रास्वपा परित्याग गरेका नेता दिनेश हुमागाईंले प्रयोग गरेको एक शब्द ' चटकदार' ले यस परिवर्तनको मनोविज्ञानलाई उजागर गरेको छ ।

विचार गौण, व्यवस्थापन प्रधान

एक्काइसौँ शताब्दीको दोस्रो दशकपछि विश्व राजनीतिमा विचारधाराको स्थान समाधानमुखी व्यवहारवादले लिँदै गएको देखिन्छ । यस धारमा उभिने राजनीतिक दलहरूले कुनै निश्चित वाद वा सिद्धान्त बोक्दैनन्, बरु समस्याको तत्काल प्राविधिक समाधान मात्र खोज्छन् ।

रास्वपाको राजनीतिक चरित्र र यसको दस्तावेज हेर्दा यो ठ्याक्कै यही धारमा उभिएको देखिन्छ । समाजशास्त्रीले यसलाई टेक्नो-प्राग्म्याटिजम वा प्रविधि-व्यवहारवाद भन्छन् । उनीहरू न त परम्परागत पुँजीवादी बजार अर्थतन्त्रलाई पूर्ण स्वीकार गर्छन्, न त समाजवादी वितरण प्रणालीलाई ।

उनीहरूका लागि विचार गौण हो र व्यवस्थापन प्रधान हो ।

यो मोडेललाई सरल भाषामा बुझ्दा यो राजनीतिको 'सीईओ मोडेल' हो । जसरी एउटा कम्पनीको हाकिमले नाफा र दक्षता हेर्छ, त्यसरी नै देश चलाउनुपर्छ भन्ने मान्यता यसमा देखिन्छ । सरकारी लाइन हटाउने, सेवालाई एपमा लैजाने, डाटा हेरेर निर्णय गर्ने र छिटो नतिजा दिने उनीहरूको मुख्य अस्त्र हो । यो शैली जेन-जी पुस्तालाई एकदमै मन पर्छ किनकि यो 'फास्ट ट्र्याक' जस्तै छ । यसले नागरिकलाई राज्यले काम गरिरहेको छ भन्ने तत्काल अनुभूति दिलाउँछ । यसलाई 'हाई रिस्क-हाई रिवार्ड' अर्थात् ठूलो जोखिम मोलेर ठूलो प्रतिफल खोज्ने बाटो पनि भन्न सकिन्छ ।

यहाँ एउटा गम्भीर प्रश्न लुकेको छ । के देशका सबै समस्या प्राविधिक मात्र हुन् त ? नेपालमा कोही भूमिहीन हुनु, कसैले जातका आधारमा अपमान सहनु वा श्रम बजारमा सुरक्षित नहुनु, कुनै सफ्टवेयर बिग्रिएर भएको समस्या होइन । यी त समाजमा जरा गाडेर बसेका शक्ति सम्बन्धका प्रश्न हुन् ।

टेक्नो-प्राग्म्याटिक राजनीतिले ज्वरो आएको बिरामीलाई सिटामोल दिएर तत्काल राहत त देला तर रोगको कारण पत्ता लगाएर जरैदेखि उपचार गर्न भने विचारधारात्मक स्पष्टता चाहिन्छ । देशलाई कम्पनीजस्तो चलाउँदा नाफा त होला तर त्यहाँ न्याय छुट्न सक्छ । कम्पनीमा काम नलाग्ने कर्मचारी निकाल्न मिल्छ तर राज्यले आफ्ना कमजोर नागरिकलाई निकाल्न मिल्दैन, संरक्षण गर्नुपर्छ । विचारशून्यताले दीर्घकालमा कसरी संस्थागत सङ्कट र दिशाहीनता निम्त्याउँछ भन्ने ज्वलन्त उदाहरण यही हो ।

देशलाई कम्पनीजस्तो चलाउँदा नाफा त होला तर त्यहाँ न्याय छुट्न सक्छ । कम्पनीमा काम नलाग्ने कर्मचारी निकाल्न मिल्छ तर राज्यले आफ्ना कमजोर नागरिकलाई निकाल्न मिल्दैन, संरक्षण गर्नुपर्छ ।

नायकवादको जालो र व्यक्तिगत स्वार्थको पुँजीकरण

रास्वपाले अगाडि सारेको 'सीईओ मोडेल' व्यवहारमा ओरालेर हेर्दा त्यो केवल 'उत्पादन' मा सीमित नभई 'व्यक्तिगत नायकवाद' को जालोमा फस्दै एउटा ठूलो राजनीतिक दुर्घटना निम्त्याउने खतरामा देखिएको छ । कुनै पनि सङ्गठन वा प्रणालीभन्दा पनि एक व्यक्तिको नायकी छविलाई केन्द्रमा राखेर चल्ने यो शैलीले पार्टीभित्र 'विचार' को स्थान 'भावना' ले लिएको छ । जब एक करोड रुपैयाँ धरौटी राखेर निस्कने नेतालाई 'विधिको शासन' को ठूलो प्रवचनकर्ता बनाइन्छ र उनलाई नै सर्वोच्च नायकको रूपमा स्थापित गरिन्छ, त्यहाँ लोकतान्त्रिक अभ्यासको अन्त्य हुन्छ ।

पार्टी छाड्ने नेताहरूले लगाएको 'आर्थिक चलखेल' को आरोपले यो पुष्टि गर्छ कि यहाँ सीईओको दक्षता होइन, बरु 'पैसा तिरेर सत्ता किन्ने' संस्कृति बढेको छ । नेताहरू 'टिकट' लिन आर्थिक लेनदेनमा संलग्न भएको आरोपले यो ' नायकवाद' वास्तवमा नकारात्मक पुँजीवादसँग जोडिएको छ ।

निर्वाचनको मुखमा रास्वपा छाड्नेहरूको तथ्याङ्कका आधारमा देश चलाउने भन्ने यो अवधारणामाथि नै आघात पुगेको छ । बागमती प्रदेशका निवर्तमान उपसभापति दिनेश हुमागाईंले भनेझैं राजनीति भनेको केवल सामाजिक सञ्जालको स्टन्ट, भाइरल कन्टेन्ट वा व्यवस्थापकीय कौशल मात्र होइन, यसका लागि गहिरो समाजशास्त्रीय चेत, ऐतिहासिक बोध र दार्शनिक स्पष्टता चाहिन्छ । ढिलो गरी पलाएको यो चेतले रास्वपाको जग हल्लिएको छ ।

गन्तव्यहीन बस र इटालीको फाइभ स्टार मुभमेन्टको दर्पण

रास्वपाको वर्तमान अवस्था र भविष्यको प्रक्षेपण गर्न हामीले इटालीको फाइभ स्टार मुभमेन्टको इतिहासलाई पल्टाउनु अपरिहार्य हुन्छ । सन् २००९ मा हास्य कलाकार बेप्पे ग्रिल्लोले स्थापना गरेको यो दलले पनि इटालीका पुराना दलहरूलाई भ्रष्ट, चोर र माफियाको संज्ञा दिँदै राजनीति सुरु गरेको थियो । इटालीका चर्चित राजनीतिशास्त्री इल्भो डियामान्टीले उक्त आन्दोलनलाई 'बस पार्टी' को संज्ञा दिएका थिए । उनको विश्लेषणमा 'यो एउटा यस्तो बस हो जसमा मानिस चढ्छन्, उनीहरूलाई थाहा पनि हुन्छ यो बस पुराना गन्तव्यतर्फ जाँदैन, तर विडम्बना यो बस कहाँ जान्छ भन्ने कुरा यात्रु त के स्वयं ड्राइभरलाई पनि थाहा छैन ।' आज रास्वपा त्यही गन्तव्यहीन बस बनेको छ ।

रास्वपाको वाचापत्रमा लेखिएका सुशासन र समृद्धिका नाराहरू फाइभ स्टार मुभमेन्टकै घोषणापत्र जस्तै ककटेल दस्तावेज (क्याच अल रणनीति) साबित भएका छन् । जसरी उक्त इटालियन दलले सत्तामा पुगेपछि कहिले चरम दक्षिणपन्थी त कहिले चरम वामपन्थीसँग अनैतिक गठबन्धन गरेर आफ्नो साख गुमायो, रास्वपाले पनि छोटो अवधिमा सत्तामा गयो र समीकरण फेर्दै राजनीतिक अस्थिरताको कारक बन्न पुग्यो । नयाँ भनिएको शक्ति नै अस्थिरताको पर्याय बन्नु उत्तर-आधुनिक लोकप्रियतावादको सबैभन्दा ठूलो विडम्बना हो । हुमागाईंले रास्वपा आफ्नो सिद्धान्तबाट विचलन भएको र स्थायी सरकार निर्माणका लागि विवेकपूर्ण निर्णय लिनुपर्ने भन्दै गरेको आह्वानले यो दलले राजनीतिक स्थायित्व दिने छैन भन्ने स्पष्ट सङ्केत गर्छ ।'यो एउटा यस्तो बस हो जसमा मानिस चढ्छन्, उनीहरूलाई थाहा पनि हुन्छ यो बस पुराना गन्तव्यतर्फ जाँदैन, तर विडम्बना यो बस कहाँ जान्छ भन्ने कुरा यात्रु त के स्वयं ड्राइभरलाई पनि थाहा छैन ।'

'डिजिटल स्क्याम' र आन्तरिक लोकतन्त्रको हत्या

राजनीतिक दलहरूको आन्तरिक जीवन भनेको समाजशास्त्री रोबर्ट मिचेल्सको ' आइरन ल अफ ओलिगार्की' जस्तै हो । यस सिद्धान्त अनुसार जतिसुकै लोकतान्त्रिक र सहभागितामूलक भनिए पनि हरेक सङ्गठन अन्ततः सानो नेतृत्व पङ्क्ति वा एलिटको नियन्त्रणमा पुग्छ । नेपालका सबै पार्टीमा यो अभ्यास छ ।

पार्टीको पदाधिकारी बैठक, कार्यसम्पादन समितिको बैठक, पार्टी हाइकमाण्ड जस्ता नामले ओलिगार्कीलाई देखाइरहेका छन् । रास्वपाको सन्दर्भमा यो सिद्धान्त अझ क्रूर रूपमा प्रकट भएको छ । स्थापनाकालमा 'जान्नेलाई छान्ने' र प्राइमरी इलेक्सनको नारा दिएर उदाएको दलभित्र कसरी लोकतन्त्रको निर्मम हत्या भयो भन्ने कुरा रास्वपा परित्याग गरेका नेता प्रणय शमशेर राणाको बयानले पुष्टि गर्छ ।

राणाले 'हामी सम्पूर्ण पार्टी सदस्यलाई स्क्याम गरियो, सङ्गठनको आधारमा प्राइमरी इलेक्सन हुन्छ भनियो तर चुनावको मुखमा आएर आफ्नो नेतृत्व छान्ने अधिकार लुटियो' भन्दै गरेको क्रन्दनले रास्वपाको आन्तरिक लोकतन्त्र सकिएको घोषणा गर्दछ ।

यहाँ प्रयोग भएको 'स्क्याम' शब्द राजनीतिशास्त्रका विद्यार्थीका लागि अत्यन्त महत्त्वपूर्ण छ । यसले इटालीको फाइभ स्टार मुभमेन्टले 'रुसो प्लेटफर्म' मार्फत डिजिटल भोटिङको नाटक गरेर नेतृत्वले आफू अनुकूल निर्णय गराएजस्तै रास्वपामा पनि 'डिजिटल डेमोक्रेसी' को आवरणमा तानाशाही अभ्यास भएको प्रमाणित गर्छ ।

भारतको आम आदमी पार्टीले पनि सुरुमा 'स्वराज' र आन्तरिक लोकतन्त्रको कुरा गरेको थियो, तर कालान्तरमा योगेन्द्र यादव र प्रशान्त भूषणजस्ता बौद्धिक नेताहरूलाई निष्कासन गरेर पार्टीलाई नेतृत्वको निजी कम्पनीमा परिणत गरियो । आज रास्वपामा प्रणय राणा र ममता शर्माको बहिर्गमनले त्यही 'सुप्रिम कमाण्डर' संस्कृतिको पुनरावृत्ति भएको देखाउँछ । सङ्गठनमा विधि र पद्धतिको साटो नेतृत्वको सनक र आदेश हाबी हुनुलाई राजनीतिशास्त्रमा संस्थागत क्षयीकरण भनिन्छ ।

रास्वपाबाट प्रणय राणा र ममता शर्माको बहिर्गमनले त्यही 'सुप्रिम कमाण्डर' संस्कृतिको पुनरावृत्ति भएको देखाउँछ । सङ्गठनमा विधि र पद्धतिको साटो नेतृत्वको सनक र आदेश हाबी हुनुलाई राजनीतिशास्त्रमा संस्थागत क्षयीकरण भनिन्छ ।

नैतिक पुँजीको विघटन र असहिष्णुताको राजनीति

वैकल्पिक राजनीतिको मुख्य र एक मात्र पुँजी भनेको नैतिकता र पारदर्शिता हो । पुराना दलहरू अपारदर्शी भए, भ्रष्ट भए र जवाफदेही भएनन् भन्ने जगमा नै नयाँ दलको महल ठडिएको हुन्छ । तर जब त्यो महलको जग नै नक्कली र बालुवाको साबित हुन्छ, तब पतन निश्चित हुन्छ । रास्वपाकी मधेस प्रदेशकी संस्थापक सभापति ममता शर्माले पार्टी परित्याग गर्दै ' पार्टीले पारदर्शिताको कुरा गर्ने गरेको थियो तर यहाँभित्र त अपारदर्शिता नै यति धेरै देखियो कि योद्धा पार्टी छाड्दै छन्' भन्नु सामान्य आरोप होइन । यस सन्दर्भमा भारतको आम आदमी पार्टीको आलोचनात्मक विश्लेषण सान्दर्भिक हुन्छ । उक्त पार्टीले आफूलाई कट्टर इमानदार भन्थ्यो, तर दिल्लीको रक्सी घोटालामा शीर्ष नेतृत्व नै जेल जानुपर्ने अवस्था आयो ।

स्वास्थ्य

हावाबाट कति छिटो सर्छ फ्लू ?

कल्पना गर्नुहोस्, तपाईं अफिसमा हुनुहुन्छ । तपाईंको छेउमा बसेको सहकर्मीलाई लगातार हाच्छ्युँ आइरहेको छ ।

केही समयपछि तपाईंलाई पनि घाँटी खसखस गर्ने, टाउको दुख्ने र ज्वरो आएको जस्तो महसुस हुन थाल्छ । यसको कारण इन्फ्लुएन्जा अर्थात् फ्लू भाइरस हुन सक्छ, जुन हावाको माध्यमबाट तीव्र रूपमा फैलिन्छ ।

बन्द र कम हावा आउजाउ हुने ठाउँहरूमा यसको जोखिम अझ बढी हुन्छ । किनभने, बन्द कोठामा भाइरस लामो समयसम्म हावामा तैरिरहन्छन् र सक्रिय रहन्छन् ।

हरेक वर्ष मौसम परिवर्तन हुने समयमा फ्लूका बिरामीहरू तीव्र रूपमा बढ्छन् । सामान्यतया यो एक हल्का सङ्क्रमण हो । तर लापरवाही गरेमा यसले गम्भीर रूप पनि लिन सक्छ । यद्यपि, सही जानकारी, समयमै उपचार र केही सावधानी अपनाएर फ्लूबाट बच्न सकिन्छ ।



आउनुहोस्, हामी फ्लूको बारेमा विस्तृत रूपमा चर्चा गरौं । साथै यो पनि जानौं रुघाखोकीको भाइरस हावामा कसरी फैलिन्छ? फ्लूबाट बच्न कस्ता सावधानी अपनाउनुपर्छ?

हाम्रो वरपर कसैले हाच्छ्युँ गऱ्यो वा खोक्यो भने भोलिपल्ट हामीलाई पनि रुघाखोकी लाग्छ । यस्तो किन हुन्छ?

एकअर्कासँगको सम्पर्क नै यसको मुख्य कारण हो । जब कुनै व्यक्तिले हाच्छ्युँ गर्छ वा खोक्छ, तब उसको मुख र नाकबाट निस्किएका भाइरस हावामा फैलिन्छन् । यदि हामी त्यही वातावरणमा श्वास फेर्छौं वा सङ्क्रमित सतहलाई छोएर आँखा, नाक वा मुख छुन्छौं भने भाइरस हाम्रो शरीरमा प्रवेश गर्न सक्छ ।

रुघाखोकीको भाइरस धेरै छिटो फैलिन्छ र यसको इन्क्युबेसन पिरियड (लक्षण देखिने समय) सामान्यतया १ देखि ३ दिनको हुन्छ । त्यसैले प्रायः भोलिपल्ट वा केही दिनमै घाँटी खसखस गर्ने, नाक बग्ने वा हाच्छ्युँ आउने जस्ता लक्षणहरू देखा पर्न थाल्छन् ।

रुघाखोकीको भाइरस हावामा कसरी यात्रा गर्छ ?

जब कुनै व्यक्ति खोक्छ, हाच्छ्युँ गर्छ वा बोल्छ, तब उसको मुख र नाकबाट अति साना पानीका थोपाहरू (ड्रप्लेट्स) र सूक्ष्म कणहरू (एरोसोल) हावामा निस्किन्छन् । यी पानीका थोपाहरूमा भाइरस हुन्छ ।

भारी थोपाहरू केही सेकेन्डमै सतहमा खस्छन् । तर हल्का एरोसोलहरू हावामा केही समयसम्म रहिरहन्छन् । यदि अर्को व्यक्तिले त्यही हावामा श्वास फेर्छ भने भाइरस श्वासप्रश्वास प्रणालीमा पुगेर सङ्क्रमण गराउन सक्छ । यही कारण हो कि भिडभाड र बन्द ठाउँहरूमा सङ्क्रमण तीव्र रूपमा फैलिन्छ ।

फ्लू भाइरस ढोकाको ह्यान्डल, मोबाइल, टेबल वा किबोर्ड जस्ता सतहहरूमा धेरै घण्टासम्म सक्रिय रहन सक्छ । सङ्क्रमित सतह छोएपछि हात नधोई आँखा, नाक वा मुख छोएमा भाइरस शरीरमा प्रवेश गर्न सक्छ ।

विश्व

स्वतन्त्र मतदातामाझ ट्रम्पको समर्थन ऐतिहासिक न्यून

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार आफ्नो 'स्टेट अफ द युनियन' सम्बोधन गर्न लागिरहेका छन् । यस अघि स्वतन्त्र मतदातामाझ उनको लोकप्रियता नयाँ न्यून स्तरमा झरेको सर्वेक्षणले देखाएको छ । एसएसआरएसद्वारा सञ्चालित सीएनएनको नयाँ सर्वेक्षणले राष्ट्रपतिको प्राथमिकता र नीतिप्रति जनतामा बढ्दो शंका रहेको देखाएको छ ।

सर्वेक्षणअनुसार केवल ३२ प्रतिशत अमेरिकीले ट्रम्पले सही प्राथमिकता लिएको बताएका छन् । ६८ प्रतिशतले उनले देशका महत्त्वपूर्ण समस्यामा पर्याप्त ध्यान नदिएको ठानेका छन् । यो सूचकाङ्क ट्रम्पका दुवै कार्यकालमध्ये सबैभन्दा नकारात्मक हो । त्यस्तै ६१ प्रतिशत उत्तरदाताले उनका नीतिले देशलाई गलत दिशातर्फ लैजाने बताएका छन् । जबकि ३८ प्रतिशतले मात्र सही दिशामा जाने विश्वास व्यक्त गरेका छन् ।

समग्र वयस्क अमेरिकीमा ट्रम्पको कार्यसम्पादन अनुमोदन दर ३६ प्रतिशतमा सीमित छ, जुन गत शरददेखि ४० प्रतिशतभन्दा तल नै छ । करिब आधा उत्तरदाताले उनको कामप्रति कडा असन्तुष्टि व्यक्त गरेका छन् भने १९ प्रतिशतले मात्र कडा समर्थन जनाएका छन् । गत वर्ष कंग्रेसलाई सम्बोधन गर्दा ट्रम्पको अनुमोदन दर ४८ प्रतिशत थियो, जुन उनको करियरकै उच्च हो । त्यसयता उनले अधिकांश जनसाङ्ख्यिक समूहमा समर्थन गुमाएका छन् । रिपब्लिकन समर्थक, रूढीवादी मतदाता र कलेज शिक्षा नभएका श्वेत अमेरिकीहरूमा भने अझै सकारात्मक झुकाव देखिएको छ ।

विशेष रूपमा ल्याटिनो अमेरिकीहरूमा ट्रम्पको समर्थन १९ अङ्कले घटेको छ भने ४५ वर्षमुनिका मतदातामा १८ अङ्कले गिरावट आएको छ । स्वतन्त्र मतदातामाझ उनको अनुमोदन दर गत वर्षको तुलनामा १५ अङ्कले झरेर २६ प्रतिशतमा पुगेको छ, जुन उनका दुवै कार्यकालमध्ये सबैभन्दा कम हो । राष्ट्रपतिका लागि चिन्ताजनक अर्को सङ्केत रिपब्लिकन आधारमा आएको नरमी हो । सर्वेक्षणमा रिपब्लिकन मतदातामध्ये कडा समर्थन ४९ प्रतिशतमा झरेको छ, जुन गत वर्षको कंग्रेस सम्बोधनपछि रहेको ६४ प्रतिशतभन्दा निकै कम हो । करिब तीनमध्ये एक रिपब्लिकनले ट्रम्पले मुख्य समस्यामा पर्याप्त ध्यान नदिएको बताएका छन् । १६ प्रतिशतले उनका नीतिले देशलाई गलत दिशामा लैजाने बताएका छन् ।

यसैबिच अमेरिकीहरू राष्ट्रपतिले आफ्नो सम्बोधनमा मुख्य रूपमा अर्थतन्त्र र जीवनयापनको लागतबारे बोलुन् भन्ने चाहिरहेका छन् । ५७ प्रतिशत उत्तरदाताले यही विषय प्राथमिक रहेको बताएका छन्, जुन अन्य कुनै पनि मुद्दाभन्दा चार गुणा बढी हो । डेमोक्रेटमध्ये आधाले, स्वतन्त्र मतदातामध्ये ५६ प्रतिशतले र रिपब्लिकनमध्ये ६५ प्रतिशतले पनि अर्थतन्त्रलाई प्राथमिक मुद्दा मानेका छन् ।

सर्वेक्षणले आगामी मध्यावधि निर्वाचनअघि ट्रम्प प्रशासनका लागि चुनौतीपूर्ण राजनीतिक वातावरण देखाएको छ । यद्यपि 'स्टेट अफ द युनियन' सम्बोधनमा प्रायः राष्ट्रपतिका समर्थक बढी दर्शक हुने भएकाले ट्रम्पलाई आफ्ना समर्थक पुनः सक्रिय पार्ने अवसर भने रहने विश्लेषण गरिएको छ ।

काँक्रेबिहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com

प्रदेशस्तरीय डिजेल-पेट्रोल डिपो निर्माण हुँदै



❐ काँक्रेबिहार संवाददाता
सुर्खेत, ११ फागुन

नेपाल आयल निगमले कर्णाली प्रदेशमा पहिलोपटक प्रदेशस्तरीय डिजेल तथा पेट्रोल भण्डारण डिपो निर्माण गर्ने तयारी थालेको छ। कर्णाली प्रदेशको सुर्खेतस्थित कार्यालय परिसरभित्र करिब १४ करोड रुपैयाँको लागतमा डिपो निर्माण गर्न निगमले बोलपत्र आह्वान गरेको हो ।

नेपाल आयल निगम कर्णाली प्रदेश कार्यालयका वरिष्ठ सहायक माधवप्रसाद भट्टका अनुसार २०८४ सालभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित टेन्डर प्रक्रिया अघि बढाइएको छ। हाल सुर्खेतमा हवाई इन्धन र मटितेल भण्डारण गर्ने डिपो मात्र रहेको र डिजेल तथा पेट्रोलको छुट्टै भण्डारण सुविधा नभएकाले इन्धन आपूर्तिमा समस्या हुँदै आएको उनले बताएका हुन् ।

डिजेल र पेट्रोलको भण्डारण डिपो नहुँदा हाल नेपालगन्जबाट ट्याङ्करमार्फत ल्याइएको इन्धन सोही दिन डिलरहरूलाई वितरण गर्नुपर्ने अवस्था छ। अहिले सुर्खेत कार्यालयमा मटितेल ४५ हजार लिटर र हवाई इन्धन ६० हजार लिटर मात्र भण्डारण क्षमता रहेको बताए ।

प्रस्तावित नयाँ डिपोमा दुई लाख ८० हजार लिटर डिजेल र एक लाख ४० हजार लिटर पेट्रोल भण्डारण गर्न सकिने व्यवस्था हुनेछ। कार्यालय परिसरभित्रकै करिब एक बिघा क्षेत्रफलमा डिपो निर्माण गर्ने तयारी रहेको निगमले जनाएको छ।

हाल सुर्खेत कार्यालयबाट दैनिक औसत एक लाख लिटर डिजेल र ६० हजार लिटर पेट्रोल खपत हुँदै आएको छ । सल्यानबाहेक कर्णाली प्रदेशका सबै जिल्लाका पेट्रोल पम्पलाई यही कार्यालयमार्फत इन्धन आपूर्ति गरिँदै आएको छ।

प्रदेशस्तरीय इन्धन भण्डारण डिपो निर्माणपछि नियमित आपूर्तिमा सहजता आउने र केही दिन इन्धन अभाव भए पनि व्यवस्थापन गर्न सकिने विश्वास निगमले लिएको छ। हाल आवश्यकता अनुसार नेपालगन्ज कार्यालयबाट ट्याङ्करमार्फत इन्धन ढुवानी गरी आएको दिनमै वितरण गर्ने गरिएको भट्टले जानकारी दिए।

बजेट कार्यान्वयनलाई लयमा ल्याउन निर्देशन

❐ काँक्रेबिहार संवाददाता
दाङ, ११ फागुन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले योजना तर्जुमा र बजेट विनियोजनलाई यथार्थपरक र व्यवस्थित बनाउन मातहतका निकायलाई स्पष्ट निर्देशन दिएका छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा आइतबार सम्पन्न आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थासम्बन्धी अर्धवार्षिक समीक्षा कार्यक्रममा बोल्दै उनले आगामी आर्थिक वर्षको बजेटलाई 'साइज'मा राख्नेगरी तयारी थाल्न आग्रह गरेका छन् ।

प्रदेश सरकारले योजना तर्जुमा निर्देशिका निर्माण गरी टुक्रे योजना कटौती गर्ने र प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गरेर कार्यान्वयनमा लैजाने तयारी गरेको उनले जानकारी गराए । वार्षिक योजना आयोजना बैंकबाट छनोट गर्ने व्यवस्था पनि निर्देशिकामार्फत लागू गरिने बताए ।

आगामी आर्थिक वर्षको बजेट यथार्थपरक बनाउन जरुरी छ । अघिल्लो वर्ष पनि प्रयास गरिएको थियो, तर प्राविधिक कारणले केही समस्या देखियो, उनले भने 'अब बजेटलाई व्यवस्थित आकारमा ल्याएर प्रभावकारी कार्यान्वयनतर्फ लैजान्छौं । सबै निकाय जिम्मेवार बन्नुपर्छ ।'

उनका अनुसार गत आर्थिक वर्षमा सम्पन्न भई भुक्तानी हुन बाँकी रहेका आयोजनाको रकम फागुन महिनाभित्रै निकासा गर्न निर्देशन दिएका छन् र काम सम्पन्न भइसकेका आयोजनाको भुक्तानी ढिला गर्नु हुँदैन । यसमा गम्भीरता आवश्यक छ,उनले भने ।

प्रदेशको आन्तरिक आम्दानी वृद्धि गर्न राजस्वको दायरा विस्तार गर्नुपर्नेमा उनले जोड दिए । निर्माण सम्पन्न भएर पनि प्रयोगमा नआएका संरचनाको प्रभावकारी सदुपयोग सुनिश्चित गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको छ । साथै समपूरक, सशर्त र विशेष अनुदानअन्तर्गतका आयोजनालाई समयमै सम्पन्न गर्न प्राथमिकता दिनुपर्ने उल्लेख गरे ।



कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीको अध्यक्षता र मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा पूर्व मुख्यमन्त्री तथा नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी, पूर्व मुख्यमन्त्री तथा विपक्षी दलका नेता जोखबहादुर महरा, प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश योजना आयोगका उपाध्यक्ष डाक्टर डिल्लीराज अर्याल लगायतले योजना छनोट र कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बन्धुप्रसाद वास्तोलाले अर्धवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै अन्य प्रदेशको तुलनामा लुम्बिनी प्रदेशको वित्तीय प्रगति सन्तोषजनक रहेको जानकारी दिए । पुस मसान्तसम्म पुँजीगत खर्च १८.०४ प्रतिशत र कुल खर्च २०.४५ प्रतिशत पुगेको उल्लेख गरिएको छ ।

कार्यसम्पादन मूल्यांकनतर्फ प्रदेशले ३४.७१ अंक प्राप्त गरी पाँचौं स्थान हासिल गरेको छ । मूल्यांकन सुधारका लागि प्रदेशको अधिकार क्षेत्रभित्र राजस्व परिचालन बढाउने, वन क्षेत्रको दायरा विस्तार गर्ने तथा बेरुजु घटाउनेतर्फ विशेष ध्यान दिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

समीक्षा कार्यक्रममा मन्त्रालयका उच्च अधिकारी, विभिन्न निकायका प्रमुख तथा सम्बन्धित सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा उठाइएका सुझावलाई कार्यान्वयनमा उतार्दै आगामी बजेटलाई यथार्थपरक, परिणाममुखी र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

बाँकेका ३३ जना उम्मेदवारले बैङ्क खाता खोले

❐ काँक्रेबिहार संवाददाता
बाँके, ११ फागुन

निर्वाचन खर्च प्रयोजनका लागि बाँकेमा ३३ जना उम्मेदवारले मात्रै बैङ्क खाता खोलेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि बाँकेमा उम्मेदवार भएका ५६ जनामध्ये अहिलेसम्म १५ जनाले निर्वाचन खर्च प्रयोजनका लागि बैङ्क खाता नखोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिले जनाएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा ९, क्षेत्र नम्बर २ मा १४ र क्षेत्र नम्बर ३ मा १० गरी ३३ जना उम्मेदवारले बैङ्क खाता खोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिका अधिकृत सर्वोदय उपाध्यायले जानकारी दिए । उनका अनुसार अहिलेसम्म आठ जनाले खाता खोल्ने सिफारिस लगेका छन् भने १५ जनाले अझै केही गरेका छैनन् ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक एवं निर्वाचन आचारसंहिता अनुगमन अधिकृत उपाध्यायले निर्वाचन खर्च प्रयोजनका लागि फागुन ४ गतेभित्रै सबै उम्मेदवारले खाता खोलिसक्नुपर्नेमा हालसम्म पनि १५ जनाले खाता नखोलेकाले उनीहरूलाई पटक-पटक फोनमार्फत ताकेता गरिएको जानकारी दिए । खाता नखोल्नेमा अधिकांश स्वतन्त्र उम्मेदवार रहेको अधिकृत उपाध्यायको भनाइ छ ।

निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारले व्यक्तिगत खाताबाट खर्च नगरी निर्वाचन प्रयोजनका लागि छुट्टै बैङ्क खाता प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था छ। सो व्यवस्था कार्यान्वयनको विषयमा निरन्तर अनुगमन भइरहेको बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी एवं अनुगमन अधिकृत पूर्ण बहादुर खत्रीले जानकारी दिए ।

निर्वाचन अधिकृतको कार्यालयमा पुग्यो मतपत्र

❐ काँक्रेबिहार संवाददाता
महेन्द्रनगर, ११ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी सुदूरपश्चिम प्रदेशमा तीव्र रूपमा भइरहेको छ । १६ वटा निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा निर्वाचन सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन निर्वाचन सामाग्री ढुवानी र मतपत्र निर्वाचन अधिकृतको कार्यालय पुऱ्याउने काम भएको छ। प्रदेश निर्वाचन कार्यालय धनगढीका प्रमुख प्रेमराज भट्टले यहाँका सबै जिल्लामा रहेका निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र



नेपाली सेनाको सुरक्षा पहरामा पुऱ्याइसकेको जानकारी दिए। ५१ प्रकारका निर्वाचन सामग्रीहरू निर्वाचन कार्यालयमा ढुवानी गर्ने काम भइरहेको बताएका छन्। निर्वाचन कार्यालय प्रमुख भट्टले भने कर्मचारी खटनपटनदेखि तालिम सञ्चालन भइरहेका छन् । उनले कैलालीमा मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिइएको जानकारी दिए। त्यसैगरी, निर्वाचन सुरक्षा केन्द्रित फौज परिचालनको काम पनि यहाँ भइरहेको छ सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओम रानाले पहाडी जिल्लाहरूमा पनि थप प्रहरी परिचालन भइसकेको जानकारी दिए। प्रहरीदेखि निर्वाचन प्रहरी खटनपटन भइसकेको छ उनले भने। शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने कार्यमा प्रहरी सक्रिय छ। सुदूरपश्चिम प्रदेशभरि नेपाल प्रहरीतर्फ साढे सात हजार र सशस्त्र प्रहरी बल नेपालतर्फ पाँच हजारभन्दा बढी प्रहरी परिचालन भएको छ भने यहाँ नेपाली सेनाले पनि आफ्नो सक्रियता बढाउँदै विमानस्थल र कारागार सुरक्षाको जिम्मा सेनाले लिइसकेको छ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Supply and Sewerage Management Office
Surkhet

Bid Addendum Notice

Contract No: NCB/04/WSSMO/SKT /BWSPBJ/082-83
Date of Publications: 12th Falgun 2082 (24th Feb 2026)

This is notify all the concerned bidders that addendum, has been issued for the NCB title " Construction of Brihat Water Supply Project Barekot ga.pa ward no 9 ra 8." Published on 10th Falgun 2082 through PPMO's e-Procurement Portal http://www.bolpatra.gov.np/egp. Modified BOQ and Bid document can be downloaded from PPMO's e-Procurement Portal http://www.bolpatra.gov.np/egp.

Office Chief

प्रभाव पार्ने कार्य नगर्न काउन्सिलको आग्रह

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, ११ फागुन

प्रेस काउन्सिल नेपालले स्वच्छ एवं निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य र मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण नगर्न आग्रह गरेको छ।

काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले सोमबार प्रेस विज्ञप्ति जारी गरी निर्वाचनमा पत्रकारिता क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको भन्दै त्यो भूमिकालाई थप निष्ठापूर्वक निर्वाह गर्न आग्रह गरे ।

विज्ञप्तिमा भनिएको छ, "निर्वाचन सफल बनाउन राज्यका विभिन्न निकायजस्तै सञ्चार जगत्को पनि विशेष भूमिका हुने हुँदा स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित, निष्पक्ष र सन्तुलित रूपमा आचारसंहिताको परिधिभित्र रही सामग्री सम्प्रेषण गर्न र आममतदाताको विवेक, स्वतन्त्रता र गोप्य मताधिकारको सम्मान गर्न पनि काउन्सिलको आग्रह छ।" यस्तै, स्वच्छ एवं निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य र मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण नगर्न, नगराउन काउन्सिलले आमसञ्चारमाध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तालगायत सम्बद्ध सबैलाई अनुरोध गरेको छ। काउन्सिललेआमसञ्चारमाध्यमको नियमित अनुगमन गरिरहेको र विगतमा झैं प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा पनि पत्रकार आचारसंहितालगायत निर्वाचन आचारसंहिता पालना भए/नभएको विषयमा विशेष अनुगमन गरिरहेको जनाएको छ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/१२

यस कार्यालयबाट प्रकाशित तपशिलका ठेक्कामा तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावकारी देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम/ठेगाना	कबोल रकम (भ्याट र पि.एस. बाहेक)
1	EDD/SKT/W/ NCB/24/082-083	Disability Friendly R.C.C. Building Construction of Jestha Nagarik Birendranagar, 11, Dhuliyabit, Surkhet	Masta Nirman Sewa, Simta rural municipality ward 2 kafalkot Surkhet Nepal	२६००८१६।३०
2	EDD/SKT/W/ NCB/25/082-083	Special Class & Hostel Building Construction of Shree Samuha Primary School Panchapuri, 6, Surkhet	Babiyachaur Construction, Panchapuri-5, Surkhet	२२३३२७३।९०

नि.निर्देशक

निर्वाचन रिपोर्टिङ तथा पत्रकार आचारसंहिता पालना सम्बन्धी अभिमुखीकरण



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ११ फागुन

आगामी फागुन २१ गते हुन गएको प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै पत्रकारहरूका लागि सुर्खेतमा कर्णाली प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम गरिएको छ।

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा सोमवार 'निर्वाचन रिपोर्टिङ तथा पत्रकार आचारसंहिता पालनासम्बन्धी' १ दिने अभिमुखीकरण कार्यक्रम गरीएको हो।

कार्यक्रमको उदघाट्न सत्रलाई सम्वोधन गर्दै सहायक प्रमुख जिल्ला अधिकारी दिल बहादुर कार्किले यसपटक अघिल्ला चुनावमा भन्दा भद्र र अनुशासित ढंगले सबै दलहरूले आफुलाई प्रस्तुत गर्दा निर्वाचन आचरसंहिता उलंघन नहुने कुरामा ढुक्क रहेको बताएका छन।

उनले सबैभन्दा बढि भ्रामक कुराहरू चुनावको समयमा सम्प्रेषण हुने कुरालमा ध्यान पुर्याउदै जिल्ला प्रहरी कार्यालयमा भ्रामक कुराहरूको अनुगमन /अध्ययन गर्न छुट्टै सेल स्थापना गरिएको जानकारी दिए।

सोहि कार्यक्रममा बोल्दै महासंघका वरिष्ठ उपाध्यक्ष दिपक आचार्यले प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा पत्रकारमाथि धम्की तथा आक्रमणका घटना दैनिक महासंघमा आउने गरेको बताउदै चुनावको बेलामा पत्रकार थप जिम्मेवार बनेर सही र सत्यतथ्य समाचार सम्प्रेषण गर्न पत्रकारहरूलाई आग्रह गरेका छन।

आचार्यले आचारसंहिता पालना गर्नु प्रत्येक पत्रकारको कर्तव्य भएकोले जिम्मेवार र मर्यादित ढंगले रिपोर्टिङ गर्न निर्देशन समेत दिए।

त्यस्तै महासंघ कर्णाली प्रदेशका अध्यक्ष बिष्णु शर्माले सही र सत्य समाचार सम्प्रेषण गर्न जोड दिँदै मिथ्या समाचार प्रकाशन तथा प्रसारण नगर्न आग्रह गर्दै डिजिटल प्लेटफर्मको विस्तारसँगै सत्य र विश्वसनीय सूचना जनतासमक्ष पुर्‍याउन चुनौती बढिरहेको जनाएका छन।

कर्णाली प्रदेशका दशै जिल्लाका अध्यक्ष सहित २ दर्जनभन्दा बढी पत्रकार हरूको सहभागिता रहेको कार्यक्रममा पत्रकारहरूले निर्वाचनका क्रममा भोगेका चुनौतीबारे छलफल गरिएको थियो। प्रदेशको आतिथ्यतामा सम्पन्न गोष्ठिको सहजीकरण प्रदेश महासचिव खगेन्द्र भट्टराईले गरेका थिए।

अझै पुगेन सडक, दुई दिनको पैदल यात्रा गर्न बाध्य स्थानीय

❐ काँक्रेविहार संवाददाता
जाजरकोट, ११ फागुन



जिल्लाका तीन स्थानीय तहका तीन वटा वडामा अझैसम्म सडक नपुगेपछि स्थानीयवासीले दैनिक जीवनमा सास्ती भोग्दै आउनु परेको बताएका छन्। दुई कार्यकालसम्म स्थानीय सरकार सञ्चालन भए पनि बारेकोट गाउँपालिका-३ को मुल्साम, नलगाड नगरपालिका-१३ को सिउन र जुनीचाँदे गाउँपालिका-७ को जुनी बस्ती सडक सञ्जालबाट बाहिर नै रहेका छन्।

२०७४ र २०७९ सालमा निर्वाचित जनप्रतिनिधिको बेवास्ताका कारण यी वडामा सडक विस्तार हुन नसकेको स्थानीयको गुनासो छ। सडक नपुगेका यी बस्ती सदरमुकामबाट करिब दुई दिनको पैदल दूरीमा पर्दछन्। सशस्त्र द्वन्द्वकालमा आधार क्षेत्रका रूपमा चिनिएको जुनी बस्तीमा अझैसम्म सडक नपुग्दा स्थानीयलाई आवतजावतमा अत्यन्त कठिनाइ भइरहेको छ।

सडक पहुँच नहुँदा गर्भवती र सुत्केरी महिला, बिरामीलाई स्वास्थ्य संस्थामा पुर्‍याउन डोको र स्ट्रेचर प्रयोग गर्नुपर्ने बाध्यता कायमै छ। स्थानीय उत्पादन तथा दैनिक उपभोग्य सामग्री बजारसम्म पुर्‍याउन सर्वसाधारणले आफैं बोकेर हिँड्नु पर्ने बताए।

भौगोलिक विकटता र स्थानीय, प्रदेश तथा सङ्घीय सरकारको बेवास्ताका कारण आफूहरू विकासबाट पछि परेको स्थानीयले गुनासो गरेका छन्। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै उम्मेदवारहरूले प्रचारप्रसारका क्रममा गाउँमै पुगेर तत्काल सडक पुर्‍याउने आश्वासन दिएका छन्।

बारेकोट गाउँपालिका-३ स्थित दीपेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक भूमिलाल रोकायका अनुसार बजेट व्यवस्थापन नहुनु नै सडक नपुग्नुको मुख्य कारण हो। उनका अनुसार सुत्केरी तथा बिरामीलाई अझै पनि जोखिमपूर्ण तरिकाले स्वास्थ्य संस्थासम्म लैजानुपर्ने अवस्था कायम नै रहेको बताए।

चुनावका बेला गाउँसम्म पैदल हिँडेर पुगेका उम्मेदवारसँग स्थानीयले सडक निर्माणको माग गरेका छन्। नलगाड नगरपालिका-१३, सिउनमा सडक नहुँदा स्याउ तथा जडीबुटीजस्ता स्थानीय उत्पादनको बजारीकरण गर्न कठिन भएको छ।

सडक अभावकै कारण जडीबुटी सस्तो मूल्यमा बिक्री गर्नुपरेको र स्याउ स्थानीय मेलामै न्यून मूल्यमा बेच्नुपरेको स्थानीय बताउँछन्। नलगाड नगरपालिका-१३ का वडाध्यक्ष सेते गिरीले दुई वर्षअघि प्रदेश सरकारबाट खोलीबजार-सिउन सडक निर्माणका लागि बजेट आएको भए पनि ठेकेदारको लापर्बाहीका कारण काम अघि बढ्न नसकेको जानकारी दिए।

धादिङ बस दुर्घटनाको छानबिन गर्न कार्यदल गठन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ फागुन

धादिङको बेनीघाट रोराङ गाउँपालिका-५, भैंसीगौडास्थित पृथ्वी लोकमार्गमा पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको गरख १४२१ नम्बरको यात्रुवाहक बसको दुर्घटनाबारे छानबिन गर्न सरकारले कार्यदल गठन गरेको छ। सोमवार गृह मन्त्रालयले दुर्घटना छानबिनका लागि सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृहसचिव, भौतिक पूर्वाधार तथा



यातायात मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू, यातायात विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक तथा यातायात व्यवसायी र मजदुर सङ्घलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो। कार्यदललाई बस दुर्घटनाको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको छ। उनका अनुसार उक्त दुर्घटनामा बसमा सवार ४४ जना यात्रुमध्ये १९ जनाको मृत्यु तथा २५ जना घाइते भएका छन्।

घटनाको जानकारी प्राप्त हुनासाथ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत स्थानीय बासिन्दाको समन्वयमा घटनास्थलमा उद्धारकार्य तदारुकताका साथ अगाडि बढाइएको मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

दुर्घटनामा ज्यान गुमाउनेको शव नदीबाट निकालिएको एवं मृतकको सनाखत प्रक्रिया जारी रहेको, घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका लागि विभिन्न अस्पतालहरूमा पठाइसकिएको र प्रभावकारी उपचारका लागि सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको प्रवक्ता काफ्लेले बताए।

मन्त्रालयले दुर्घटनामा परी ज्यान गुमाउने मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका परिवार र आफन्तजनमा गहिरो समवेदना प्रकट गरेको छ। यस्तै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरिएको छ।

ताक्लाकोट...

हालसम्म फिर्ता नभएको गाउँपालिका-४ की सीता शाहीले जानकारी दिइन्। गत मङ्सिर महिनामा भारत गएका उनीहरू पनि मतदानबाट वञ्चित हुने देखिएको उहाँले बताउनुभयो।उनको भनाइ छ।

'सामान्यतया भारतमा काम गर्न गएका कामदारहरू चैतदेखि वैशाखसम्म फर्कने गर्दछन्। तर कामका लागि गएका मतदातालाई समयमै जिल्लामा फर्काउन कुनै पनि उम्मेदवारले पहल गरेका छैनन्' उनले भनिन्, 'रोजगारीका लागि भारत मात्र नभई उत्तरी छिमेकी चीनको ताक्लाकोटमा पनि सिमकोट र नाम्खा गाउँपालिकाका बेरोजगार युवा पुगेका छन्। तर उनी मतदानका लागि फर्किने सुरसार छैन।' नाम्खा गाउँपालिका-१ का प्रेमबहादुर लामाका अनुसार हाल ताक्लाकोटमा सिमकोट र नाम्खाबाट गरी दुई सयभन्दा बढी मतदाता रहेका छन्। ती सबै गत जेठ-असार महिनामा त्यहाँ गएका हुन् र निर्वाचनअघि फर्कने सम्भावना न्यून रहेको उनले बताए। जिल्लाका सातमध्ये पाँच गाउँपालिकाबाट करिब तीन हजार बढि मतदाता भारत र चीनको ताक्लाकोटमा रोजगारीका लागि रहेका कारण मतदानबाट वञ्चित हुने अवस्था देखिएको छ।

दादुराबारे जान्नैपर्ने कुरा

दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनैपनि मानिसलाई र विशेषगरी बालबालिकालाई लाग्न सक्छ। अति संक्रामक भएको कारण यो रोगले छिट्टै महामारीको रुप लिन सक्छ। यो रोग संक्रमित व्यक्तिले खोक्दा, हाछ्युं गर्दा वा श्वासप्रश्वासको माध्यमबाट अर्को व्यक्तिमा सर्छ।

दादुराका लक्षणहरु

उच्च ज्वरो आउनु, खोकी लाग्नु, आँखा रातो हुनु, नाकबाट पानी बग्नु र शरीरमा राता मसिना विविराहरु आउनु।

साथै : यो रोग लागेमा झाडापखाला लाग्ने, कुपोषण हुने, कान पाक्ने, निमोनिया हुने, आँखामा समस्या भई अन्धोपन हुने, मष्तिस्कमा कडा खालको सुजन हुने र मष्तिस्क ज्वरो आउने जस्ता जटिलताको कारण मृत्यु पनि हुन सक्छ। त्यसैले दादुराको लक्षणहरु देखिने बित्तिकै नजिककोस्वास्थ्य संस्थामा सम्पर्क गर्नहुन अनुरोध छ।

स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत।

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हर्क हुनेछ।
- शिक्षासम्बन्धी हकको उपयोग गरौं। निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५११३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस